विधेयक संख्या :

# खाद्य स्वच्छता तथा गुणस्तर  सम्वन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वनेको  विधेयक

२०७७

संघीय संसद सचिवालय
संसद भवन
सिंहदरवार

# उद्धेश्य र कारण

मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य श्रृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गरी र त्यसको नियमनको व्यवस्था गर्न खाद्य स्वच्छता सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकिकरण गर्नुका साथै अन्तर्राष्ट्रियस्तरमा आएको नयाँ परिवर्तन र खाद्य स्वच्छतामा वढ्दै गएको संवेदनिशलताका विषयलाई समेत संस्थागत संयन्त्र मार्फत सम्वोधन गरी स्वस्थ्य र निरोगी नेपाल निर्माण गर्नको लागि खाद्य ऐन २०२३ लाई प्रतिस्थापन गरी नयाँ ऐन तर्जुमा गर्नु पर्ने आवश्यकता भएकोले प्रस्तुत विधेयक पेश गरेको छु ।

.......................................

**घनश्याम भुषाल**

**मन्त्री**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

# आर्थिक टिप्पणी

खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र त्यसको नियमनको व्यवस्था गर्न, खाद्य स्वच्छता सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल वनाउन नयाँ ऐन को आवश्यकता भएकोले यो विधेयक प्रस्तुत गरिएको हो। प्रस्ताव गरिएको विधेयकमा भएको व्यवस्था वमोजिम खाद्य व्यवसायीवाट प्रयोगशाला विश्लेषण दस्तुर, अनुमति पत्र / नविकरण दस्तुर, आयात / निर्यात को वेला गुणस्तर प्रमाणिकरण शुल्क, निकासीका लागि गुणस्तर जाँच गर्दा लाग्ने शुल्क, लेवल लगाउँदा लाग्ने शुल्क प्रस्ताव गरिएको,र प्रयोगशाला संचालन, अनुगमन. निरीक्षण लगायत प्रशासनिक कार्य संचालनको लागि खर्च प्रस्ताव गरिएको छ।

...............

........................

**घनश्याम भुसाल**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

# व्याख्यात्मक टिप्पणी

| क्र. सं. | दफा / शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐन निर्माण गर्नुको उद्धेष्य स्पष्ट गर्न । |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको संक्षिप्त नाम र ऐन प्रारम्भ हुने मिति स्पष्ट गर्न । |
| २ | परिभाषा | विधेयकमा प्रयोग भएका शव्दहरुको अर्थ स्पष्ट गर्न । |
| ३ | खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गर्ने | नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गर्न । |
| ४ | स्वच्छता तथा गुणस्तरको नियमन | खाद्य स्वच्छता तथा गुणस्तरको नियमन गर्न गराउन । |
| ५ | खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति | खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारणको लागि नेपाल सरकार समक्ष सिफारिस, राय तथा सुझाव पेश गर्न खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति रहने व्यवस्था गरिएको । |
| ६ | समितिको बैठक | समितिको वैठक सम्वन्धी व्यवस्थालाई प्रभावकारी वनाउन । |
| ७ | समितिको काम, कर्तव्य र अधिकार | समितिको काम कर्तव्य र अधिकारलाई स्पष्ट गर्न । |
| ८ | सिफारिस लिनु पर्ने | खाद्य पदार्थ को उत्पादन र प्रशोधन गर्ने तोकिए बमोजिमका उद्योग स्थापना गर्न चाहने व्यक्तिले त्यस्तो उद्योग दर्ता गर्नु अघि विभागबाट सिफारिस लिनुपर्ने व्यवस्था गर्न । |
| ९ | अनुमति पत्र लिनुपर्ने | खाद्य व्यवसाय सञ्चालन गर्नु अघि यस ऐन बमोजिम अनुमति पत्र लिनु पर्ने व्यवस्था गर्न । |
| १० | स्वीकृति लिनु पर्ने | खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था गर्न । |
| ११ | गुणस्तर प्रमाणिकरण गराउन सक्ने | खाद्य पदार्थको निकासी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ निकासी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रमाणिकरण गराउन सक्ने व्यवस्था गर्न । |
| १२ | दूषित खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने | मानव उपभोगको लागि देहायको कुनै अवस्थाको दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी ,पैठारी ,सञ्चय ,ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण नगर्न वा नगराउने गरी व्यवस्था गरिएको छ । |
| १३ | न्यूनस्तरका खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने | न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी ,पैठारी ,सञ्चय ,ढुवानी वा विक्री वितरणको लागि राख्न वा बिक्री वितरण नगर्न वा नगराउने गरी व्यवस्था गरिएको । |
| १४ | झुक्याई खाद्य पदार्थ बिक्री वितण गर्न नहुने | कसैले कुनै कार्य गरी ढाँटी वा झुक्याई खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन नपाउने व्यवस्था गरिएको। |

| | | |
|---|---|---|
| १५ | खाद्य योगशील तथा प्रशोधन सहयोगी पदार्थको प्रयोग | खाद्य पदार्थमा खाद्य योगशील तथा प्रशोधन सहयोगी पदार्थ प्रयोग गर्नु परेमा तोकिएको खाद्य पदार्थमा तोकिएको मात्रामा नबढ्ने गरी प्रयोग गर्नु पर्नेछ भनी व्यवस्था गरिएको । |
| १६ | लेवल लगाउनु पर्ने | प्याकेजिङ्ग गरिएका खाद्य पदार्थमा लेवल लगाउने व्यवस्था गर्न । |
| १७ | उत्पादक तथा प्रशोधनकर्ताको दायित्व | खाद्य पदार्थको उत्पादक तथा प्रशोधनकर्ताले खाद्य पदार्थको उत्पादन वा प्रशोधन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त अन्य दायित्वको समेत व्यवस्था गरिएको छ । |
| १८ | पैठारीकर्ताको दायित्व | खाद्य पदार्थको पैठारी कर्ताले प्रचलित कानून बमोजिम पूरागर्नु पर्ने दायित्वका अतिरिक्त अन्य दायित्व पूरा गर्ने व्यवस्था गरिएको । |
| १९ | ढुवानी कर्ताको दायित्व | खाद्य पदार्थको ढुवानी कर्ताले प्रचलित कानून बमोजिम पूरागर्नु पर्ने दायित्वका अतिरिक्त अन्य दायित्व पूरा गर्ने व्यवस्था गर्न । |
| २० | सञ्चय कर्ताको दायित्व | खाद्य पदार्थको सञ्चयकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त अन्य दायित्व पूरा गर्ने व्यवस्था गरिएको । |
| २१ | बिक्रेताको दायित्व | खाद्य पदार्थको बिक्रेताले प्रचलित कानून बमोजिम पूरागर्नुपर्ने दायित्वका अतिरिक्त अन्य दायित्व पूरा गर्ने व्यवस्था गर्न । |
| २२ | सेवा प्रदायकको दायित्व | सेवा प्रदायकले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त अन्य दायित्व पूरा गर्नुपर्ने भएकोले । |
| २३ | राष्ट्रिय खाद्य स्वच्छता तथा गुणस्तर निर्देशक समिति | खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी आवश्यक नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिन र आवश्यक समन्वय गर्न नेपाल सरकारको कृषि तथा पशु पन्छी विकास मन्त्री अध्यक्ष रहने राष्ट्रिय खाद्य स्वच्छता तथा गुणस्तर निर्देशक समिति रहने व्यवस्था गर्न। |
| २४ | निर्देशक समितिको बैठक | निर्देशक समितिको बैठक सम्वन्धमा व्यवस्था गरिएको छ । |
| २५ | निर्देशक समितिको काम, कर्तव्य र अधिकार | निर्देशक समितिकोकाम ,कर्तव्य र अधिकार स्पष्ट गरिएको। |
| २६ | विभागको काम, कर्तव्य र अधिकार | खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्ने वा गराउने सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको काम ,कर्तव्य र अधिकार स्पष्ट गर्न । |
| २७ | खाद्य प्रयोगशाला | नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य प्रयोगशाला स्थापना गर्दा कायम गर्नुपर्ने न्यूनतम मापदण्ड तोक्ने व्यवस्था गरिएको । |
| २८ | खाद्य निरीक्षण अधिकारी | विभागले खाद्य पदार्थको अनुगमन तथा निरीक्षण सम्बन्धी काम कारबाही गर्न तोकिए बमोजिमको योग्यता भएका विभाग वा कार्यालयमा कार्यरत कर्मचारीलाई खाद्य निरीक्षण अधिकारी तोक्ने व्यवस्था गरिएको । |
| २९ | खाद्य निरीक्षण अधिकारीको काम , कर्तव्य र अधिकार | खाद्य निरीक्षण अधिकारीको काम ,कर्तव्य र अधिकार स्पष्ट गरिएको । |

| | | |
|---|---|---|
| ३० | जाँचबुझ गर्ने | कसैले यस ऐन बमोजिम तोकिएको स्वच्छता तथा गुणस्तर वा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली विपरीत हुने गरी खाद्य व्यवसाय गरिरहेको छ भन्ने कुनै किसिमले जानकारी प्राप्त हुन आएमा वा त्यसरी खाद्य व्यवसाय गरिरहेको छ भनी विश्वास हुने मनासिव कारण भएमा विभाग वा कार्यालयले त्यस्तो खाद्य व्यवसायीको विषयमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्ने व्यवस्था गरिएको। |
| ३१ | आकस्मिक निरीक्षणगर्न सक्ने | विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले खाद्य व्यवसायी वा सेवा प्रदायकले बिक्री वितरण गरिरहेको वा बिक्रीमा राखेको खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरका सम्बन्धमा आकस्मिक निरीक्षण गर्न वा गराउन सक्ने व्यवस्था गरिएको । |
| ३२ | नमूना संकलन तथा परीक्षण गर्न सक्ने | विभाग वा कार्यालयले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा वा यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकृत वा खाद्य निरीक्षण अधिकारीले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको शंका लागेमा त्यस्तो खाद्य पदार्थको तोकिए बमोजिम नमूना संकलन गर्नु पर्ने गरी व्यवस्था गरिएको । |
| ३३ | बिक्री वितरणमा रोक लगाउन सक्ने | खाद्य स्वच्छता तथा गुणस्तर र प्रतिकूलको खाद्य पदार्थ बिक्री वितरण गरेको शंका गर्ने मनासिव आधार भएमा महानिर्देशक वा कार्यालयको प्रमुखको स्वीकृति लिई विभाग वा कार्यालयको अधिकृत वा खाद्य निरीक्षण अधिकारीले त्यस्तो खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन वा बिक्री वितरणबाट हटाउन आदेश दिन सक्ने व्यवस्था गरिएको । |
| ३४ | खाद्य पदार्थ नष्ट गर्ने | अनुगमन,निरीक्षण,जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थ स्पष्ट रुपमा देखिने गरी सडेगलेको, कुहिएको, कीरा परेको वा फोहोर मिसिएको, दूषित खाद्य पदार्थ,उपभोग गरिसक्नुपर्ने अवधि समाप्त भई वा अन्य कारणबाट निर्धारित गुणस्तर भन्दा न्यून स्तरको रहेको पाइएमा अनुगमन, निरीक्षण वा जाँचबुझ गर्ने अधिकारीले त्यस्तो खाद्य पदार्थ स्थानीय तह वा स्थानीय प्रशासनका प्रतिनिधिको रोहवरमा उपयुक्त तवरले नष्ट गर्न सक्ने व्यवस्था गरिएको । |
| ३५ | आदेश दिन सक्ने | खाद्य व्यवसायी वा सेवा प्रदायकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा गरेको नपाइएमा त्यस्तो दायित्व पूरा गर्ने व्यवस्था गर्न त्यसरी अनुगमन ,निरीक्षण ,जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले निश्चित अवधि तोकी सम्बन्धित खाद्य व्यवसायी वा सेवा प्रदायकलाई आदेश दिन सक्ने र सो आदेशको पालना गर्नु सम्वन्धितको कर्तव्य हुने गरी व्यवस्था गरिएको। |
| ३६ | प्रदेश तथा स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्ने | दफा १२ बमोजिमको दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थ ढाँटी झुक्याई बिक्री वितरण गरे वा गराएको वा खाद्य प्रयोगशालाले यस ऐन बमोजिमको माप दण्ड पूरा गरे वा नगरेको विषयमा प्रदेश सरकार वा स्थानीय तहले सम्बन्धित पदाधिकारी वा कर्मचारी खटाई आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्ने व्यवस्था गरिएको । |

| | | |
|---|---|---|
| ३७ | कारबाहीको लागि लेखी पठाउने | आकस्मिक निरीक्षण गराउँदा यस ऐन विपरीत काम कारवाही भएको देखिएमा त्यसरी अनुगमन ,निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले आवश्यक कारवाहीको लागि आफूले प्राप्त गरेको प्रमाण तथा विवरण सहित सम्बन्धित खाद्य निरीक्षण अधिकारी समक्ष प्रतिवेदन पठाउनु पर्ने व्यवस्था गरिएको । |
| ३८ | खाद्य पदार्थ फिर्ता गर्ने | खाद्य व्यवसायीले आफूले उत्पादन वा प्रशोधन गरेको कुनै व्याच वा लटको खाद्य पदार्थ बिक्री वितरणको लागि बजारमा पठाएपछि त्यस्तो खाद्य पदार्थको उत्पादन वा प्रशोधनको क्रममा भएको त्रुटी ,कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता , गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित नरहेको जानकारीमा आएमा त्यस्तो खाद्य पदार्थ सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बजारबाट फिर्ता माग गर्नु पर्ने व्यवस्था गरिएको । |
| ३९ | खाद्य विश्लेषक तोक्ने | मन्त्रालयले खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्नकोलागि तोकिएको योग्यता पुगेको व्यक्तिलाई खाद्य विश्लेषक तोक्न सक्ने व्यवस्था गरिएको। |
| ४० | कसूर गरेको मानिने | अनुमतिपत्र नलिई खाद्य व्यवसाय सञ्चालन गरेमा, पैठारी गर्नु अघि स्वीकृति वा प्रवेश अनुमति नलिई खाद्य पदार्थ पैठारी गरेमा, दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा, लगायतका कार्यहरु गरेमा कसुर गरेको मानिने व्यवस्था गरिएको छ। |
| ४१ | तत्काल जरिवाना गर्न सक्ने | अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना संकलनको काममा बाधा वा अवरोध पु-याउने व्यक्तिलाई त्यस्तो अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना संकलन गर्ने अधिकारीले तत्काल बीस हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको। |
| ४२ | सजाय | दफा ४० वमोजिमको कसुर गरेमा एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयाँ देखि पाँच लाख रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय, हुने व्यवस्था गरिएको । |
| ४३ | सङ्गठित संस्थाको अपराधिक दायित्व हुने | कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यो ऐन अन्तर्गत कसूर मानिने काम गरेकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरु र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्ने व्यवस्था गरिएको छ । |
| ४४ | क्षतिपूर्ति भराइदिने | ऐन बमोजिमको कसूर गरी कसैलाई हानी नोक्सानी पुर्याएमा त्यस्तो कसूरबाट पीडितलाई पुग्न गएको वास्तविक हानि, नोक्सानी बापत मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था गरिएको। |

| | | |
|---|---|---|
| ४५ | उजुरी दिन सक्ने | यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही भएको कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद प्रमाण सहित विभाग वा कार्यालय समक्ष लिखित, मौखिक वा विद्युतीय माध्यम मार्फत उजुरी दिन सक्ने व्यवस्था गरिएको। |
| ४६ | मुद्दाको अनुसन्धान र दायरा | यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान सम्बन्धित खाद्य निरीक्षण अधिकारीले गर्ने व्यवस्था गरिएको। |
| ४७ | मुद्दा हेर्ने अधिकारी | दफा ४२ को खण्ड (क),(घ) र (ङ) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुने र दफा ४२ को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुने व्यवस्था गरिएको। |
| ४८ | उपसमिति गठन गर्न सक्ने | खाद्य पदार्थको स्वच्छता, गुण, स्तर, मात्रा, मापदण्ड निर्धारण गर्न, खाद्य जोखिम विश्लेषण गर्न, आवश्यक वैज्ञानिक आधार, सूचना एवं तथ्याङ्क उपलब्ध गराउने कार्य समेतका लागि मन्त्रालयले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने व्यवस्था गरिएको । |
| ४९ | अधिकार प्रत्यायोजन | विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मातहतको कुनै अधिकृत कर्मचारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्ने व्वयस्था गरिएको। |
| ५० | नेपाल सरकार बादी हुने | यस ऐन अन्तर्गत कसूर हुने मुद्दामा नेपाल सरकार बादी हुने व्यवस्था गरिएको। |
| ५१ | संक्षिप्त कार्यविधि अपनाउने | यस ऐन अन्तर्गत दायर भएको दफा ४२ को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने मुद्दा बाहेकका अन्य मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने व्यवस्था गरिएको । |
| ५२ | सहयोग गर्नु पर्ने | खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्ने सम्बन्धमा खटिने कर्मचारी तथा खाद्य निरीक्षण अधिकारीलाई आवश्यक सहयोग पु-याउनु सरकारी निकाय, स्थानीय तह तथा सम्वन्धित सबैको कर्तव्य हुने व्यवस्था गरिएको । |
| ५३ | प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने | यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको नमानिने व्यवस्था गरिएको छ। |
| ५४ | नियम बनाउने अधिकार | ऐनको प्रभावकारी कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउने सम्वन्धमा व्यवस्था गरिएको । |
| ५५ | निर्देशिका बनाउन सक्ने | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका बनाउने सम्वन्धमा व्यवस्था गरिएको । |
| ५६ | खारेजी र बचाउ | खाद्य ऐन, २०२३ खारेज गरी सो ऐन वमोजिम भए गरेका काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिने व्यवस्था का साथै उक्त ऐन वमोजिम मुद्धा हेर्ने अधिकारी समक्ष दायर भई कारवाहीका क्रममा रहेका वा निर्णय हुन बाँकि रहेका मुद्दा तथा त्यस्ता निवेदन यो ऐन प्रारम्भ भए पछि यस ऐन वमोजिमको मुद्दा हेर्ने अधिकारी समक्ष सर्ने व्यवस्था गरिएको । |

**खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्वन्धी टिप्पणी**

| क्र. सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत वनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनवाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ७ को देहाय (घ) | समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ। | समितिको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |
| २ | ८ को उपदफा (१) | खाद्य पदार्थको उत्पादन र प्रशोधन गर्ने तोकिए बमोजिमका उद्योग स्थापना गर्न चाहने व्यक्तिले त्यस्तो उद्योग दर्ता गर्नु अघि विभागबाट सिफारिस लिनु पर्नेछ। | खाद्य पदार्थको उत्पादन र प्रशोधन गर्ने उद्योगहरु नियमावलीमा तोकिने। | खाद्य पदार्थको उत्पादन र प्रशोधन गर्ने उद्योगहरु र सिफारीस समय सापेक्ष हुने। |
| ३ | ८ को उपदफा (२) | उपदफा (१) बमोजिम सिफारिस लिन पेश गर्नुपर्ने विवरण, कागजात र तत्सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ । | सिफारिस लिन पेश गर्नुपर्ने विवरण,कागजात र तत्सम्बन्धी अन्य प्रक्रिया नियमावलीमा तोकिने । | सिफारिस लिन पेश गर्नुपर्ने विवरण, कागजात र तत्सम्बन्धी अन्य प्रक्रिया समय सापेक्ष हुने । |
| ४ | ९ को उपदफा (२) | उपदफा (२) अनुमतिपत्र लिनको लागि देहायको खाद्य व्यवसायीले तोकिए बमोजिमको विवरण, कागजात तथा दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा देहायको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। | अनुमतिपत्र लिनको लागि खाद्य व्यवसायीले पेश गर्नु पर्ने विवरण, कागजात तथा दस्तुर कोढाँचा नियमावलीमा तोकिने। | अनुमतिपत्र लिनको लागि खाद्य व्यवसायीले पेश गर्नु पर्ने विवरण, कागजात तथा दस्तुर समय सापेक्ष हुने । |
| ५ | ९ को उपदफा (४) | उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित अधिकारीले जाँचबुझ गर्दा निवेदकलाई खाद्य व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र दिन उपयुक्त देखिएमा खाद्य व्यवसाय सञ्चालन गर्दा पालना गर्नु पर्ने शर्तहरु समेत तोकी तीस दिनभित्र | निवेदन उपर सम्बन्धित अधिकारीले जाँचबुझ गर्दा निवेदकलाई खाद्य व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र दिन प्रमाण पत्र प्राप्त गर्ने दिने निवेदनको ढाँचा नियमावलीमा तोकिने। | निवेदन उपर सम्बन्धित अधिकारीले जाँचबुझ गर्दा निवेदकलाई खाद्य व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्न सहजता हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ। | | |
| ६ | ९ को उपदफा (५) | अनुमतिपत्रको मान्य अवधि, नवीकरण, निलम्बन, खारेजी तथा अनुमतिपत्र खारेज हुने अवस्था, नवीकरण दस्तुर तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | अनुमतिपत्रको मान्य अवधि, नवीकरण, निलम्बन, खारेजी तथा अनुमतिपत्र खारेज हुने अवस्था, नवीकरण दस्तुर तथा तत्सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | अनुमतिपत्रको मान्य अवधि, नवीकरण, निलम्बन, खारेजी तथा अनुमतिपत्र खारेज हुने अवस्था, नवीकरण दस्तुर तथा तत्सम्बन्धी व्यवस्था स्पष्ट र समयसापेक्ष हुने । |
| ७ | १० को उपदफा (२) | उपदफा(१) बमोजिमको स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट तोकिए बमोजिम प्रवेश अनुमति लिनु पर्नेछ। | स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट लिने प्रवेश अनुमति को ढाँचा नियमावलीमा तोकिने। | स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट लिने प्रवेश अनुमति पत्रको ढाँचा तयार हुने। |
| ८ | १० को उपदफा (३) | उपदफा (१) बमोजिमको स्वीकृति लिएपछि खाद्य पदार्थ पैठारी गरी सक्नु पर्ने अवधि, स्वीकृतिको ढाँचा तथा तत्सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ। | स्वीकृति लिएपछि खाद्य पदार्थ पैठारी गरी सक्नु पर्ने अवधि, स्वीकृतिको ढाँचा तथा अन्य प्रक्रिया नियमावलीमा तोकिने। | स्वीकृति लिएपछि खाद्य पदार्थ पैठारी गरी सक्नु पर्ने अवधि, स्वीकृतिको ढाँचा तथा अन्य प्रक्रियाहरुमा एकरुपता हुने। |
| ९ | ११ को उपदफा (२) | उपदफा (१) बमोजिम खाद्य पदार्थको गुणस्तर प्रमाणीकरण गर्दा लाग्ने शुल्क तथा प्रमाणीकरण सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ। | खाद्य पदार्थको गुणस्तर प्रमाणीकरण गर्दा लाग्ने शुल्क तथा प्रमाणीकरण सम्बन्धी अन्य प्रक्रिया नियमावलीमा तोकिने । | खाद्य पदार्थको गुणस्तर प्रमाणीकरण गर्दा लाग्ने शुल्क तथा प्रमाणिकरण सम्बन्धी अन्य प्रक्रिया समय सापेक्ष हुने । |
| १० | १६को उपदफा (२) कोखण्ड (च) | तोकिए बमोजिमका अन्य विवरण। | लेवल लगाउदा उल्लेख गर्नु पर्ने अन्य विवरणहरु नियमावलीमा तोकिने। | लेवल लगाउदा उल्लेख गर्नु पर्ने अन्य विवरण हरु तयार हुने । |
| ११ | १७को खण्ड (ज) | तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने । | उत्पादक तथा प्रशोधनकर्ताको दायित्व नियमावलीमा तोकिने। | उत्पादक तथा प्रशोधनकर्ताको दायित्व स्पष्ट हुने। |

| | | | | |
|---|---|---|---|---|
| १२ | १८ को खण्ड (घ) | तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने। | पैठारीकर्ताको दायित्व नियमावलीमा तोकिने | पैठारीकर्ताको दायित्व व्यस्पष्ट हुने । |
| १३ | १९ को खण्ड (च) | तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने । | ढुवानीकर्ताको दायित्व नियमावलीमा तोकिने। | ढुवानीकर्ताको दायित्व स्पष्ट हुने। |
| १४ | २० को खण्ड (च) | तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने। | संचयकर्ताको दायित्व नियमावलीमा तोकिने। | संचयकर्ताको दायित्व स्पष्ट हुने। |
| १५ | २१ को खण्ड (ङ) | तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने। | विक्रेताको दायित्व नियमावलीमा तोकिने। | विक्रेताको दायित्व स्पष्ट हुने। |
| १६ | २२ को खण्ड (घ) | तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने। | सेवा प्रदायकको दायित्व पूरा गर्न । | सेवा प्रदायकको दायित्व स्पष्ट हुने । |
| १८ | २५ को खण्ड (च) | तोकिए बमोजिमका अन्य काम गर्ने । | निर्देशक समितिको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | निर्देशक समितिको काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |
| १९ | २६ को खण्ड (ठ) | तोकिए बमोजिमका अन्य काम गर्ने। | विभागको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | विभागको काम, कर्तव्य र अधिकार व्यवस्थित हुने । |
| २० | २७ को उपदफा (१) | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य प्रयोगशाला स्थापना गर्दा कायम गर्नु पर्ने न्यूनतम मापदण्ड तोक्नेछ। | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य प्रयोगशालाको न्यूनतम मापदण्ड तोक्ने छ । | खाद्य प्रयोगशालाको लागि चाहिने मापदण्ड स्पष्ट हुने । |
| २१ | २७ को उपदफा (५) | खाद्य प्रयोगशाला सूचीकरण सम्बन्धी प्रक्रिया तथा खाद्य प्रयोगशालाले नमूना विश्लेषण तथा परीक्षण गर्दा लिन पाउने शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | खाद्य प्रयोगशाला सूचीकरण सम्बन्धी प्रक्रिया तथा खाद्य प्रयोगशालाले नमूना विश्लेषण तथा परीक्षण गर्दा लिन पाउने शुल्क सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने छ। | खाद्य प्रयोगशाला सूचीकरण सम्बन्धी प्रक्रिया तथा खाद्य प्रयोगशालाले नमूना विश्लेषण तथा परीक्षण गर्दा लिन पाउने शुल्क समय सापेक्ष हुने । |
| २२ | २९ को उपदफा (१) को खण्ड (च) | तोकिए बमोजिमका अन्य काम गर्ने। | खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने । | खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |
| २३ | ३२ को उपदफा (१) | विभाग वा कार्यालयले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा वा यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा | विभाग वा कार्यालयले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा वा यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा | नमुना संकलन तथा परीक्षण गर्न समय सापेक्ष हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | आकस्मिक निरीक्षणमा जाने अधिकृत वा खाद्य निरीक्षण अधिकारीले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको शंका लागेमा त्यस्तो खाद्य पदार्थको तोकिए बमोजिम नमूना संकलन गर्नु पर्नेछ । | आकस्मिक निरीक्षणमा जाने अधिकृत वा खाद्य निरीक्षण अधिकारीले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको शंका लागेमा त्यस्तो खाद्य पदार्थको नमूना संकलन गर्ने व्यवस्था नियमावलीमा तोकिने। | |
| २४ | ३४को उपदफा (२) | उपदफा (१) बमोजिम खाद्य पदार्थ नष्ट गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | खाद्य पदार्थ नष्ट गर्ने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | खाद्य पदार्थ नष्ट गर्ने सम्बन्धी व्यवस्था मा स्पष्ट हुने । |
| २५ | ३९को उपदफा (१) | (१) मन्त्रालयले खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्नको लागि तोकिएको योग्यता पुगेको व्यक्तिलाई खाद्य विश्लेषक तोक्न सक्नेछ । | खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्नको लागि नियमावलीमा योग्यता तोकिने। | खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्ने व्यवस्था मा स्पष्ट हुने । |
| २६ | ३९को उपदफा (३) | खाद्य विश्लेषकको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ | खाद्य विश्लेषकको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | खाद्य विश्लेषकको काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |
| २७ | ४१को उपदफा (८) | तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ। | तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि नियमावलीमा तोकिने । | तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि सम्वन्धमा समय सापेक्ष हुने । |
| २८ | ४५को उपदफा (३) | उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | उजुरी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने छ । | उजुरी सम्वन्धी अन्य व्यवस्था समय सापेक्ष हुने। |
| २९ | ४८ को उपदफा (२) | उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | उपसमितिको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | उपसमितिको काम, कर्तव्य र अधिकार स्पष्ट हुने । |

# <u>खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य श्रृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र त्यसको नियमनको व्यवस्था गर्न खाद्य स्वच्छता सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ९ बमोजिमको खाद्य व्यवसाय अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले विभाग मातहतका कार्यालय सम्झनु पर्छ ।

(ग) "खाद्य निरीक्षण अधिकारी" भन्नाले दफा २८ बमोजिमको खाद्य निरीक्षण अधिकारी सम्झनु पर्छ।

(घ) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले उपभोग गर्ने अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य वा पेय पदार्थ, त्यसमा प्रयोग गरिने पोषक तत्त्व, खाद्य योगशील (फुड एडिटिभ) वा मरमसला सम्झनु पर्छ र सो शब्दले आहारपूरक खाद्य पदार्थ, प्याकेजिङ्ग गरिएको प्रशोधित पिउने पानी, मदिराजन्य पेय पदार्थ, चुइगम र बवलगमलाई समेत जनाउँछ।

(ङ) "खाद्य प्रयोगशाला" भन्नाले दफा २७ बमोजिमको प्रयोगशाला सम्झनु पर्छ।

(च) "खाद्य व्यवसाय" भन्नाले व्यवसायिक वा सार्वजनिक प्रयोजनको लागि खाद्य पदार्थको उत्पादन, प्रशोधन, तयारी, प्याकेजिङ्ग, भण्डारण, बिक्री वितरण, निकासी वा पैठारी गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले खाद्य पदार्थको उत्पादन, प्रशोधन, तयारी वा प्याकेजिङ्ग गरी कुनै स्थान वा भवनमा रहेर वा सडकमा घुमिफिरी वा विद्युतीय प्रणाली प्रयोग गरी अनलाइन मार्फत बिक्री वितरण गर्ने कार्यलाई समेत जनाउँछ।

(छ) "खाद्य व्यवसायी" भन्नाले खाद्य व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ज) "खाद्य स्वच्छता" भन्नाले खाद्य पदार्थ तयारी तथा उपभोग (इन्टेन्डेड युज) गर्दा मानव स्वास्थ्यका दृष्टिकोणले सुरक्षित रहेको अवस्था सम्झनु पर्छ।

(झ) “खाद्य स्वच्छता व्यवस्थापन प्रणाली” भन्नाले खाद्य व्यवसायमा खाद्य स्वच्छता कायम गर्नको लागि आवश्यक रहेका असल उत्पादन अभ्यास (गुड म्यानुफ्याक्चरिङ्ग प्राक्टिस), असल सरसफाई अभ्यास (गुड हाइजिनिक प्राक्टिस), हानि विश्लेषण तथा संवेदनशील विन्दु नियन्त्रण (हाजार्ड एनालाइसिस एन्ड क्रिटिकल कन्ट्रोल प्वाइण्ट) प्रणाली सम्झनु पर्छ र सो शब्दले खाद्य व्यवसायमा खाद्य स्वच्छता व्यवस्थापनको लागि तोकिएको यस्तै अन्य अभ्यासलाई समेत जनाउँछ।

(ञ) "खाद्य श्रृङ्खला" भन्नाले खाद्य पदार्थ उपभोक्ता समक्ष पुऱ्याउनको लागि कुनै वस्तु, स्रोत, साधन वा क्रियाकलापको समन्वयात्मक रुपमा प्रयोग गरी गरिने खाद्य पदार्थ उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, बिक्री वा वितरण सम्बन्धी सेवा प्रवाहको श्रृङ्खला सम्झनु पर्छ।

(ट) "गुणस्तर" भन्नाले कुनै खाद्य पदार्थका लागि तोकिएको चारित्रिक गुण, स्तर, मात्रा, परिधि तथा स्वच्छता सम्बन्धी स्तर सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) “निर्देशक समिति” भन्नाले दफा २३ बमोजिमको राष्ट्रिय खाद्य स्वच्छता तथा गुणस्तर निर्देशक समिति सम्झनु पर्छ ।

(ढ) "प्याकेजिङ्ग" भन्नाले खाद्य पदार्थलाई कुनै कन्टेनर, क्यान, बोटल, कार्टुन, बाकस, केज, बोरा, झिल्ली, प्लाष्टिक वा यस्तै अन्य वस्तुमा बेर्ने, पोका पार्ने, बिर्को बन्द गर्ने, राख्ने वा छोप्ने कार्य सम्झनु पर्छ।

(ण) “प्रशोधन सहयोगी (प्रोसेसिङ् एड)” भन्नाले प्रत्यक्ष खाद्य समिश्रणका रूपमा प्रयोग नभई खाद्य प्रशोधन वा उपचार जस्ता प्राविधिक प्रयोजनलाई सहजीकरण गर्न प्रयोग गरिने यान्त्रिक उपकरण बाहेकका सहयोगी पदार्थ सम्झनु पर्छ।

(त) “मन्त्रालय” भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(थ) “महानिर्देशक” भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(द) “लेवल” भन्नाले खाद्य पदार्थ प्याकेजिङ्ग गरिएको भाँडो, प्याकेट वा कन्टेनरको आवरणमा टाँसिएको, लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, कुँदिएको, इम्बोस गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले राखिएको जानकारी वा विवरण उल्लेख गरिएको बारकोड, क्यू आर कोड, ट्याग, चिन्ह, तस्विर वा अन्य त्यस्तै किसिमका सङ्केत वा विवरण सम्झनु पर्छ।

(ध) "विभाग" भन्नाले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग सम्झनु पर्छ ।

(न) “समिति” भन्नाले दफा ५ बमोजिमको खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति सम्झनु पर्छ ।

(प) “समिश्रण” भन्नाले खाद्य पदार्थको उत्पादन वा तयारीमा कच्चा पदार्थको रूपमा प्रयोग भएका खाद्य पदार्थ, पोषक तत्त्व, खाद्य योगशील र मरमसला जस्ता वस्तु सम्झनु पर्छ।

(फ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ब) “सेवा प्रदायक” भन्नाले होटेल, मोटेल, लज, रेष्टुरेन्ट, रिसोर्ट वा बार सम्झनु पर्छ र सो शब्दले खाने वा पिउने सेवा प्रदान गर्ने क्याटरिङ्ग, क्यान्टिन, भोजनालय, मिठाई पसल, चिया पसल, चमेना गृह वा यस्तै अन्य कुनै नामबाट खाद्य व्यवसाय सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद -२

## खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर

३. खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गर्नेः (१) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको स्वच्छता तथा गुणस्तर कायम गर्नु, गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४. स्वच्छता तथा गुणस्तरको नियमनः (१) नेपाल सरकारले खाद्य स्वच्छता तथा गुणस्तरको नियमन गर्ने वा गराउनेछ ।

(२) यस ऐनको अधीनमा रही प्रदेश सरकारले आफ्नो प्रदेशभित्र र स्थानीय तहले आफ्नो क्षेत्रभित्र खाद्य स्वच्छता तथा गुणस्तरको नियमन गर्ने वा गराउनेछ।

५. खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति : (१) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारणको लागि नेपाल सरकार समक्ष सिफारिस, राय तथा सुझाव पेश गर्ने देहाय बमोजिमको एक खाद्य स्वच्छता तथा गुणस्तर निर्धारण समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) सहसचिव, नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(घ) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिव स्तरको प्रतिनिधि, कृषि विभाग -सदस्य

(ङ) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिव स्तरको प्रतिनिधि, पशु सेवा विभाग -सदस्य

(च) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिव स्तरको प्रतिनिधि, वातावरण विभाग -सदस्य

(छ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य

(ज) प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श -सदस्य

(झ) खाद्य प्रविधि, खाद्य पोषण वा खाद्य स्वच्छता सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका विज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य

(ञ) उपभोक्ताको हक हित संरक्षणको क्षेत्रमा कार्यरत सङ्घ संस्थामध्येबाट मन्त्रालयले मनोनयन गरेको संघ संस्थाको प्रतिनिधि एक जना -सदस्य

(ट) महानिर्देशक, विभाग -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (झ) र (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरु अर्को एक अवधिको लागि पुनः मनोनयन हुन सक्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (झ) र (ञ) बमोजिम मनोनीत सदस्यले खाद्य स्वच्छता तथा गुणस्तर विरुद्ध वा यस ऐन विपरीतको कुनै काम कारवाही गरेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

६. <u>समितिको बैठक</u> : (१) समितिको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर र खाद्य स्वच्छता व्यवस्थापन प्रणाली निर्धारण गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) समितिको काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार प्राविधिक समिति गठन गर्ने,

(ग) खाद्य पदार्थहरूलाई विभिन्न समूह वा उपसमूहमा समूहीकृत गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-३

## खाद्य व्यवसाय दर्ताको सिफारिस तथा अनुमतिपत्र

८. <u>सिफारिस लिनु पर्ने</u>ः (१) खाद्य पदार्थको उत्पादन र प्रशोधन गर्ने तोकिए बमोजिमका उद्योग स्थापना गर्न चाहने व्यक्तिले त्यस्तो उद्योग दर्ता गर्नु अघि विभागबाट सिफारिस लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस लिन पेश गर्नुपर्ने विवरण, कागजात र तत्सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

९. <u>अनुमतिपत्र लिनुपर्ने</u> : (१) कसैले खाद्य व्यवसाय सञ्चालन गर्नु अघि यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

तर तोकिए बमोजिमका खाद्य व्यवसाय सञ्चालन गर्न यस ऐन बमोजिम अनुमतिपत्र लिनु अनिवार्य हुने छैन।

(२) अनुमतिपत्र लिनको लागि देहायको खाद्य व्यवसायीले तोकिए बमोजिमको विवरण, कागजात तथा दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा देहायको अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) खाद्य पदार्थको थोक वा खुद्रा व्यापार गर्ने, घुमिफिरी खाद्य पदार्थ बिक्री (स्ट्रिट भेन्डीङ्ग) गर्ने, होटेल, मोटेल, रेष्टुरेन्ट, फुड कोर्ट, फुड पार्क, चमेना गृह, क्याटरिङ्ग, भोजनालय, होमस्टे वा यस्तै अन्य कुनै नामबाट खाद्य पदार्थको व्यवसाय वा सेवा प्रदान गर्ने वा प्रचलित कानून बमोजिम स्थानीय तहमा दर्ता गर्नु पर्ने अन्य खाद्य व्यवसाय गर्नको लागि सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको अधिकृत,

(ख) खाद्य पदार्थको निकासी वा पैठारी सम्बन्धी व्यवसाय वा खण्ड (क) मा लेखिए देखि बाहेकका अनुमितपत्र लिनु पर्ने अन्य खाद्य व्यवसायको हकमा महानिर्देशक वा कार्यालयको प्रमुख।

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको खाद्य व्यवसाय सञ्चालनको लागि प्रत्येक स्थानीय तहको लागि छुट्टा छुट्टै अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित अधिकारीले जाँचबुझ गर्दा निवेदकलाई खाद्य व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र दिन उपयुक्त देखिएमा खाद्य व्यवसाय सञ्चालन गर्दा पालना गर्नु पर्ने शर्तहरु समेत तोकी तीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ।

(५) अनुमतिपत्रको मान्य अवधि, नवीकरण, निलम्बन, खारेजी तथा अनुमतिपत्र खारेज हुने अवस्था, नवीकरण दस्तुर तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>स्वीकृति लिनु पर्नेः</u> (१) खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट तोकिए बमोजिम प्रवेश अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति लिएपछि खाद्य पदार्थ पैठारी गरी सक्नु पर्ने अवधि, स्वीकृतिको ढाँचा तथा तत्सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

११. <u>निकासीको लागि गुणस्तर प्रमाणिकरण गराउन सक्नेः</u> (१) खाद्य व्यवसायीले निकासी गर्न चाहेको खाद्य पदार्थ निकासी गरिने मुलुकको गुणस्तर मापदण्ड बमोजिम भए नभएको प्रमाणिकरण गराउन चाहेमा विभाग वा विभागले तोकेको कार्यालयबाट प्रमाणिकरण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खाद्य पदार्थको गुणस्तर प्रमाणिकरण गर्दा लाग्ने शुल्क तथा प्रमाणिकरण सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## <u>खाद्य पदार्थ सम्बन्धमा निषेधित कार्य</u>

१२. <u>दूषित खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने</u> : कसैले मानव उपभोगको लागि देहायको कुनै अवस्थाको दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) सडे गलेको, फोहोर मैला मिसिएको वा विषाक्त अवस्थामा राखिएको वा तयार पारिएको,

(ख) मानव उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशुपन्छी वा हानिकारक वनस्पतिबाट बनेको,

(ग) मानव स्वास्थ्यलाई असर गर्ने रोगकारक सुक्ष्म जिवाणु वा हानिकारक तत्व वा रसायनको मात्रा तोकिएको अधिकतम सीमाभन्दा बढी भएको,

(घ) खाद्य श्रृखलाको कुनै चरणमा अन्तर्विकसित वा बहिर्मिश्रित रसायन, जीवनाशक विषादीको अवशेष, पशुजन्य औषधिको अवशेष, जिवाणुजन्य बिष (टक्सिन) को लागि तोकिएको अधिकतम सीमाभन्दा बढी भएको,

(ङ) प्राकृतिक वा कृत्रिम विषजन्य पदार्थ (टक्सिन), हर्मोन वा मनोद्दिपक (साइकोट्रपिक) रसायनको प्रयोग गरेको,

(च) तत्कालीन वा दीर्घकालीन असर पुर्‍याउन सक्ने तोकिएको अधिकतम सीमाभन्दा बढी बिकिरणयुक्त,

(छ) यस ऐन वा प्रचलित कानून बमोजिम खाद्य पदार्थमा प्रयोग गर्नका लागि बन्देज लगाइएको वस्तु वा पदार्थ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रयोग गरिएको।

१३. न्यूनस्तरका खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने : कसैले देहायका न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) दफा १२ बमोजिमका खाद्य पदार्थ बाहेक यस ऐन बमोजिम निर्धारण गरेको स्वच्छता तथा गुणस्तर अनुरूप नभएका खाद्य पदार्थ,

(ख) कुनै खाद्य पदार्थको स्वभाविक गुणभन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण घटाइएको वा अर्को कुनै वस्तु मिश्रण गरिएको खाद्य पदार्थ,

तर एकभन्दा बढी वस्तु मिश्रित खाद्य पदार्थमा त्यस्तो मिश्रित खाद्य पदार्थको नाम र परिमाण स्पष्ट उल्लेख भई त्यस्ता मिश्रित खाद्य पदार्थ स्वच्छ र गुणस्तरीय भएमा त्यस्तो पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी तथा बिक्री वितरण गर्न बाधा परेको मानिने छैन।

१४. झुक्याई खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने : कसैले देहायको कुनै कार्य गरी ढाँटी वा झुक्याई खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई,

(ख) कुनै खाद्य पदार्थमा प्रयोग गरेको समिश्रण वा दावीमा झुटो जानकारी दिई वा भ्रामक दावी गरी,

(ग) न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई,

(घ) कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा अखाद्य पदार्थ वा न्यून गुणस्तरको खाद्य पदार्थ मिसावट गरी उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई,वा

(ङ) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थको लेवलमा प्रयोग गरिने कुनै लिखत, भनाई, चिन्ह, डिजाइन लगायतका विवरण झुटो वा भ्रामक रूपमा प्रस्तुत गरी ।

१५. <u>खाद्य योगशील तथा प्रशोधन सहयोगी पदार्थको प्रयोग</u> : कुनै खाद्य पदार्थमा खाद्य योगशील तथा प्रशोधन सहयोगी पदार्थ प्रयोग गर्नु परेमा तोकिएको खाद्य पदार्थमा तोकिएको मात्रामा नबढ्ने गरी प्रयोग गर्नु पर्नेछ ।

१६. <u>लेवल लगाउनु पर्ने</u> : (१) प्याकेजिङ्ग गरिएका खाद्य पदार्थमा लेवल लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाइएको लेवलमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको नाम, उत्पादकको नाम र ठेगाना,

(ख) खाद्य पदार्थको समिश्रण,

(ग) वस्तुको तौल वा आयतन, बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति,

(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(ङ) कुनै खास अवस्थाका उपभोक्ताको स्वास्थ्यलाई हानि पुऱ्याउने खालका खाद्य पदार्थको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिह्नको प्रयोग,

(च) तोकिए बमोजिमका अन्य विवरण।

(३) उपदफा (२) बमोजिम लेबलमा उल्लेख गर्नु पर्ने विवरण सर्वसाधारणले बुझ्ने गरी नेपालभित्र उत्पादन भएका खाद्य पदार्थ भए उत्पादक तथा प्रशोधनकर्ताले र निकासी वा पैठारी गरिने खाद्य पदार्थ भए निकासी वा पैठारीकर्ताले नेपाली वा अंग्रेजी भाषामा लेख्नु पर्नेछ। नेपाली वा अंग्रेजी भाषाका अतिरिक्त अन्य कुनै भाषामा पनि त्यस्तो विवरण लेख्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम लेबल नलगाइएको खाद्य पदार्थ नेपालमा पैठारी र बिक्री वितरण गर्न पाइने छैन।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला रूपमा बिक्री गरिने तरकारी, फलफूल जस्ता खाद्य पदार्थ बिक्री गर्दा यस दफामा लेखिएका कुरा उल्लेख गर्न आवश्यक हुने छैन।

तर पैठारी भएका तरकारी र फलफूलको प्याकेजिङ्गमा लेवल लगाउनु पर्नेछ।

## परिच्छेद-५

## खाद्य व्यवसायीको दायित्व

१७. उत्पादक तथा प्रशोधनकर्ताको दायित्व : खाद्य पदार्थको उत्पादक तथा प्रशोधनकर्ताले खाद्य पदार्थको उत्पादन वा प्रशोधन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) दफा १२ वा १३ बमोजिम खाद्य पदार्थ दूषित वा न्यूनस्तरको नरहेको सुनिश्चित गर्ने,

(ख) खाद्य पदार्थको उत्पादन तथा प्रशोधन गर्दा खाद्य स्वच्छता तथा व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने,

(ग) खाद्य पदार्थको उत्पादन तथा प्रशोधन गर्ने स्थान र परिसर सफा राख्ने,

(घ) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले माग गरेको उत्पादन तथा प्रशोधन सम्बन्धी विवरण समयमै उपलब्ध गराउने,

(ङ) सरुवा वा संक्रमित रोग लागेका कामदारलाई त्यस्तो रोग निको नभएसम्मको लागि खाद्य उत्पादन तथा प्रशोधनको काममा नलगाउने,

(च) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले निश्चित अवधिका लागि रोक लगाएका खाद्य पदार्थ उत्पादन तथा प्रशोधन नगर्ने वा नगराउने,

(छ) खाद्य स्वच्छता तथा गुणस्तर कायम राख्न तोकिए बमोजिमका विज्ञ वा प्राविधिक जनशक्तिको व्यवस्था गर्ने, र

(ज) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

१८. पैठारीकर्ताको दायित्व : खाद्य पदार्थको पैठारीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थ पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिएर मात्र पैठारी गर्ने,

(ख) प्रवेश नाकामा आईसकेका खाद्य पदार्थ विभाग वा विभागले तोकेको कार्यालयले परीक्षण गरी प्रवेश अनुमति जारी गरेपछि मात्र प्रवेश गराउने,

(ग) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले माग गरेको खाद्य पदार्थको विवरण उपलब्ध गराउने, र

(घ) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

१९. ढुवानीकर्ताको दायित्व : खाद्य पदार्थको ढुवानीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) दूध, माछा, मासु जस्ता विशेष व्यवस्था गरी ढुवानी गर्नु पर्ने खाद्य पदार्थ तोकिए बमोजिमको मापदण्ड अनुरुपको ढुवानीको साधनबाट ढुवानी गर्ने,

(ख) स्वच्छ, सफा, टुटफुट नभएको, राम्ररी मर्मत गरिएको साधनबाट मात्र ढुवानी गर्ने,

(ग) खाद्य पदार्थ र अखाद्य पदार्थ सँगै राखेर ढुवानी नगर्ने,

(घ) ढुवानी गरिने खाद्य पदार्थको प्रकृति अनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्ने,

(ङ) ढुवानी गर्दा खाद्य पदार्थको स्वच्छता, गुणस्तर तथा सुरक्षात्मक व्यवस्था अवलम्वन गर्ने, र

(च) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

२०. सञ्चयकर्ताको दायित्व : खाद्य पदार्थको सञ्चयकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको गुणस्तरमा ह्रास नआउने गरी सञ्चय गर्ने,

(ख) खाद्य पदार्थ सञ्चय गर्ने स्थान तथा भण्डार स्वच्छ, सफा र सुरक्षित राख्ने,

(ग) खाद्य पदार्थको प्रकृति अनुसार तोकिए बमोजिमको आद्रता र तापक्रमको व्यवस्था मिलाइ सञ्चय गर्ने,

(घ) खाद्य पदार्थको स्वच्छता र गुणस्तरमा ह्रास आउने प्रकृतिको कुनै कार्य नगर्ने,

(ङ) खाद्य पदार्थको लेवलको विवरणमा कुनै किसिमको फेरबदल नगर्ने, र

(च) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

२१. बिक्रेताको दायित्व : खाद्य पदार्थको बिक्रेताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको प्रकृति अनुसार गुणस्तरमा कमी नआउने गरी उपयुक्त बिक्री कक्षको व्यवस्था गर्ने,

(ख) तोकिएको मापदण्ड बमोजिम हुने गरी खाद्य पदार्थ बिक्री वितरण गर्ने,

(ग) खाद्य पदार्थको प्रकृति अनुरूप बिक्री सोकेस वा कक्षमा तोकिए बमोजिमको आवश्यक आद्रता र तापक्रमको व्यवस्था मिलाउने,

(घ) लेवल नभएका र उपभोग्य अवधि समाप्त भएका खाद्य पदार्थ बिक्री वितरण नगर्ने, र

(ङ) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

२२. सेवा प्रदायकको दायित्व : सेवा प्रदायकले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) तोकिएको मापदण्ड बमोजिमका खाद्य पदार्थ उपलब्ध गराउने,

(ख) खाद्य पदार्थको प्रकृति अनुरूप बिक्री सोकेस वा कक्षमा तोकिए बमोजिमको आवश्यक आद्रता र तापक्रमको व्यवस्था मिलाउने,

(ग) खाद्य पदार्थ तयारी तथा वितरण गर्ने स्थान तथा परिसर स्वच्छ र सफा राख्ने, र

(घ) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने।

## परिच्छेद - ६

## निर्देशक समिति, विभाग तथा प्रयोगशाला

२३. राष्ट्रिय खाद्य स्वच्छता तथा गुणस्तर निर्देशक समिति : (१) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी आवश्यक नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिन र आवश्यक समन्वय गर्न देहाय बमोजिमको राष्ट्रिय खाद्य स्वच्छता तथा गुणस्तर निर्देशक समिति रहनेछः-

(क) नेपाल सरकारको कृषि तथा पशु पन्छी विकास मन्त्री -अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (कृषि सम्बन्धी विषय हेर्ने) -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, नेपाल सरकार, गृह मन्त्रालय -सदस्य

(ङ) सचिव, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(च) सचिव, नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(छ) सचिव, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ज) प्रदेशका कृषि सम्बन्धी बिषय हेर्ने मन्त्रालयका सचिवहरु -सदस्य

(झ) अध्यक्ष, नगरपालिका महासंघ -सदस्य

(ञ) अध्यक्ष, गाउँपालिका महासंघ -सदस्य

(ट) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ठ) खाद्य प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका विशेषज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ड) खाद्य वैज्ञानिक तथा प्राविधिज्ञहरूको पेशागत संस्थाबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(ढ) महानिर्देशक, विभाग -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ठ) र (ड) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरू अर्को एक अवधिको लागि पुनः मनोनयन हुन सक्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ठ) र (ड) बमोजिम मनोनीत सदस्यले खाद्य स्वच्छता तथा गुणस्तर विरुद्ध वा यस ऐन विपरीत कुनै काम कारवाही गरेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(५) निर्देशक समितिको सचिवालय विभागमा रहनेछ ।

२४. <u>निर्देशक समितिको बैठक</u> : (१) निर्देशक समितिको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) निर्देशक समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(५) निर्देशक समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) निर्देशक समितिको सदस्य-सचिवले निर्देशक समितिको निर्णय प्रमाणित गरी राख्नेछ।

(७) निर्देशक समितिको सदस्य-सचिवले निर्देशक समितिको निर्णयको कार्यान्वयन गर्ने वा गराउनेछ।

(८) निर्देशक समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधी निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u> : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ख) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनको निर्माण तथा पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ग) खाद्य व्यवसायमा स्वच्छता तथा गुणस्तर कायम राख्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच समन्वय र सहजीकरण गर्ने,

(घ) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण तथा स्वच्छता प्रणाली अवलम्बनका लागि सरोकारवाला निकायलाई निर्देशन दिने,

(ङ) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा आवश्यक पर्ने जनशक्ति विकासको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२६. <u>विभागको काम, कर्तव्य र अधिकार</u> : खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्ने वा गराउने सम्बन्धमा विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खाद्य श्रृखलाको सबै चरणमा स्वच्छता तथा गुणस्तर नियमन गर्ने,

(ख) आहारपूरक, न्यूट्रास्युटिकल, प्रोप्राइटरी लगायतका खाद्य पदार्थको खाद्य स्वच्छता व्यवस्थापन प्रणालीको विकास गर्ने तथा खाद्य पदार्थ सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ग) यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो बमोजिम अनुमतिपत्र लिएर खाद्य व्यवसाय सञ्चालन गरे वा नगरेको अनुगमन गर्ने,

(घ) कसैले यस ऐन बमोजिम तोकिएको गुणस्तरभन्दा न्यून गुणस्तरको खाद्य पदार्थ वा दफा १२ बमोजिमको दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थ ढाँटी झुक्याई बिक्री वितरण गरे वा गराएको वा खाद्य प्रयोगशालाले यस ऐन बमोजिमको मापदण्ड पूरा गरे वा नगरेको विषयमा नेपाल सरकारले नेपालभर र प्रदेश सरकार वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न वा गराउने,

(ङ) खाद्य स्वच्छतासँग सम्बन्धित जोखिमको मूल्याङ्कन, व्यवस्थापन, सञ्चार तथा नियमन प्रणाली विकास गर्ने,

(च) अन्य सम्बन्धित निकायसँगको समन्वयमा खाद्यजन्य रोगहरूको निगरानी (फुड बोर्न डिजिज सर्भिलेन्स) गर्ने संयन्त्रको विकास तथा व्यवस्थापन गर्ने,

(छ) प्रदेश सरकार तथा स्थानीय तहबाट हुने खाद्य व्यवसाय निरीक्षण तथा अनुगमनमा सहयोग तथा सहजीकरण गर्ने,

(ज) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको आधारमा विभिन्न प्रकारका लोगो एवं स्टिकरको माध्यमबाट खाद्य व्यवसायको स्तरीकरण तथा ग्रेडिङ्ग गर्ने,

(झ) खाद्य प्रविधि तथा खाद्य पोषणको अध्ययन, अनुसन्धान र विकास गर्ने,

(ञ) खाद्य स्वच्छता, गुणस्तर तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि तथा तालिम प्रदान गर्ने,

(ट) कोडेक्स एलिमेन्टारीयस कमिशन लगायतका खाद्य स्वच्छता र गुणस्तर सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाको सम्पर्क बिन्दु तथा स्यानिटरी एण्ड फाईटोस्यानिटरी (एस.पी.एस.) इन्क्वारी पोईन्ट सम्बन्धी काम गर्ने,

(ट) विभागले प्रवाह गर्ने सेवा प्रभावकारी ढंगले प्रवाह गर्न आवश्यकता अनुसार विद्युतीय प्रणाली विकास गरी प्रयोगमा ल्याउने,

(ठ) तोकिए बमोजिमका अन्य काम गर्ने।

२७. <u>खाद्य प्रयोगशाला</u> : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य प्रयोगशाला स्थापना गर्दा कायम गर्नु पर्ने न्यूनतम मापदण्ड तोक्नेछ ।

(२) नेपाल सरकारले खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी अनुसन्धान, परीक्षण, विश्लेषण गर्न खाद्य प्रयोगशाला तथा सन्दर्भ प्रयोगशाला (रिफरेन्स ल्याब) को स्थापना गर्नेछ।

(३) प्रदेश सरकार तथा स्थानीय तहले उपदफा (१) बमोजिमको सूचनामा तोकेको मापदण्ड पूरा गरी आफ्नो क्षेत्रमा खाद्य प्रयोगशाला स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(४) उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरेका निजी क्षेत्रका खाद्य प्रयोगशालालाई विभागले खाद्य विश्लेषण सम्बन्धी तोकिएको कार्य गर्ने गरी सूचीकरण गर्न सक्नेछ।

(५) खाद्य प्रयोगशाला सूचीकरण सम्बन्धी प्रक्रिया तथा खाद्य प्रयोगशालाले नमूना विश्लेषण तथा परीक्षण गर्दा लिन पाउने शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## अनुगमन तथा निरीक्षण

२८. खाद्य निरीक्षण अधिकारीः विभागले खाद्य पदार्थको अनुगमन तथा निरीक्षण सम्बन्धी काम कारबाही गर्न तोकिए बमोजिमको योग्यता भएका विभाग वा कार्यालयमा कार्यरत कर्मचारीलाई खाद्य निरीक्षण अधिकारी तोक्न सक्नेछ ।

२९. खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार : (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, पैठारी वा बिक्री वितरणमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको शर्त वा व्यवस्था पालना भए नभएको विषयमा नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने,

(ख) कसैले यस ऐन विपरीत खाद्य पदार्थ उत्पादन, प्रशोधन, सञ्चय, पैठारी वा बिक्री वितरण गरेको शंका लागेमा वा कुनै माध्यमबाट जानकारी प्राप्त भएमा तत्काल अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्ने वा त्यस्तो खाद्य पदार्थको नमूना संकलन गर्ने,

(ग) खण्ड (ख) बमोजिम सङ्कलित नमूना परीक्षण तथा विश्लेषणका लागि खाद्य विश्लेषक समक्ष पठाउने,

(घ) अनुगमन, निरीक्षण तथा जाँचबुझका क्रममा खाद्य व्यवसायी वा अन्य सम्बन्धित व्यक्तिसँग आवश्यक विवरण वा जानकारी माग गर्ने,

(ङ) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, बिक्री वितरण वा व्यवसाय गरेको पाइएमा त्यस्ता खाद्य पदार्थको नमूना लिई निश्चित अवधिको लागि सो खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय वा बिक्री वितरणमा स्थानीय तहको सम्बन्धित वडाको अध्यक्ष, सदस्य वा स्थानीय प्रशासनको प्रतिनिधिको रोहवरमा रोक लगाउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(२) खाद्य निरीक्षण अधिकारीले उपदफा (१) को खण्ड (ङ) बमोजिम रोक लगाएकोमा त्यसरी रोक लगाउनु पर्नाको कारण सहितको प्रतिवेदन तयार गरी तीन दिनभित्र सम्बन्धित कार्यालय र महानिर्देशक समक्ष पठाउनु पर्नेछ ।

३०. <u>जाँचबुझ गर्नेः</u> (१) कसैले यस ऐन बमोजिम तोकिएको स्वच्छता तथा गुणस्तर वा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली विपरीत हुने गरी खाद्य व्यवसाय गरिरहेको छ भन्ने कुनै किसिमले जानकारी प्राप्त हुन आएमा वा त्यसरी खाद्य व्यवसाय गरिरहेको छ भनी विश्वास हुने मनासिव कारण भएमा विभाग वा कार्यालयले त्यस्तो खाद्य व्यवसायीको विषयमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गराउने सम्बन्धमा विभाग वा कार्यालयले सम्बन्धित प्रदेश सरकार र स्थानीय तहको समेत प्रतिनिधि रहेको जाँचबुझ समिति गठन गर्न वा खाद्य निरीक्षण अधिकारीलाई तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझ समिति वा खाद्य निरीक्षण अधिकारीले उपदफा (१) बमोजिम जाँचबुझ गरी विभाग वा कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

३१. <u>आकस्मिक निरीक्षण गर्न सक्ने</u> : (१) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले खाद्य व्यवसायी वा सेवा प्रदायकले बिक्री वितरण गरिरहेको वा बिक्रीमा राखेको खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरका सम्बन्धमा आकस्मिक निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आकस्मिक निरीक्षण गर्ने अधिकारीले त्यस्तो निरीक्षण पछि तत्काल विभाग वा कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३२. <u>नमूना संकलन तथा परीक्षण गर्न सक्ने</u> : (१) विभाग वा कार्यालयले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा वा यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकृत वा खाद्य निरीक्षण अधिकारीले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको शंका लागेमा त्यस्तो खाद्य पदार्थको तोकिए बमोजिम नमूना संकलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलित नमूना प्रयोगशालामा परीक्षण गरी त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको देखिएमा यस ऐन बमोजिम कारवाही गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

३३. <u>बिक्री वितरणमा रोक लगाउन सक्ने:</u> (१) यस ऐन बमोजिम निर्धारित स्वच्छता तथा गुणस्तर प्रतिकूलको खाद्य पदार्थ बिक्री वितरण गरेको शंका गर्ने मनासिव आधार भएमा महानिर्देशक वा कार्यालयको प्रमुखको स्वीकृति लिई विभाग वा कार्यालयको अधिकृत वा खाद्य निरीक्षण अधिकारीले त्यस्तो खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन वा बिक्री वितरणबाट हटाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश दिंदा त्यस्तो खाद्य पदार्थ तत्काल सडीगली जाने वा नष्ट हुने प्रकृतिको भए बिक्रीबाट हटाउन र सो बाहेक अन्य प्रकृतिको भए सिलबन्दी गरी सम्बन्धित खाद्य व्यवसायीलाई जिम्मा लगाई त्यसको भरपाई लिई सोको बिक्रि वितरणमा रोक लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बिक्री वितरणको लागि रोक लगाईएको खाद्य पदार्थको नमूना परीक्षण गर्दा यस ऐन बमोजिम तोकिएको स्वच्छता तथा गुणस्तर अनुरुप देखिएकोमा तुरुन्त सिलबन्दी र रोक्का फुकुवा गर्ने आदेश गरी सोको जानकारी यथाशिघ्र सम्बन्धित खाद्य व्यवसायीलाई दिनु पर्नेछ।

३४. <u>खाद्य पदार्थ नष्ट गर्ने:</u> (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थ स्पष्ट रुपमा देखिने गरी सडेगलेको, कुहिएको, कीरा परेको वा फोहोर मिसिएको, दूषित खाद्य पदार्थ, उपभोग गरिसक्नु पर्ने अवधि समाप्त भई वा अन्य कारणबाट निर्धारित गुणस्तरभन्दा न्यूनस्तरको रहेको पाइएमा अनुगमन, निरीक्षण वा जाँचबुझ गर्ने अधिकारीले त्यस्तो खाद्य पदार्थ स्थानीय तह वा स्थानीय प्रशासनका प्रतिनिधिको रोहवरमा उपयुक्त तवरले नष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खाद्य पदार्थ नष्ट गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>आदेश दिन सक्ने:</u> (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य व्यवसायी वा सेवा प्रदायकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा गरेको नपाइएमा त्यस्तो दायित्व पूरा गर्ने व्यवस्था गर्न त्यसरी अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले निश्चित अवधि तोकी सम्बन्धित खाद्य व्यवसायी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेशको पालना गर्नु सम्बन्धित खाद्य व्यवसायी वा सेवा प्रदायकको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम आदेश दिइएकोमा सोको व्यहोरा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले विभाग वा कार्यालयमा पेश गर्ने प्रतिवेदनमा समेत खुलाउनु पर्नेछ।

३६. प्रदेश तथा स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्नेः कसैले यस ऐन बमोजिम तोकिएको गुणस्तरभन्दा न्यून गुणस्तरको खाद्य पदार्थ वा दफा १२ बमोजिमको दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थ ढाँटी झुक्याई बिक्री वितरण गरे वा गराएको वा खाद्य प्रयोगशालाले यस ऐन बमोजिमको मापदण्ड पूरा गरे वा नगरेको विषयमा प्रदेश सरकार वा स्थानीय तहले सम्बन्धित पदाधिकारी वा कर्मचारी खटाई आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

३७. कारबाहीको लागि लेखी पठाउनेः (१) विभाग वा कार्यालयले यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षण गराउँदा यस ऐन विपरीत काम कारवाही भएको देखिएमा त्यसरी अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले आवश्यक कारवाहीको लागि आफूले प्राप्त गरेको प्रमाण तथा विवरण सहित सम्बन्धित खाद्य निरीक्षण अधिकारी समक्ष प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा खाद्य निरीक्षण अधिकारीले मुद्दा चलाउने कारवाही प्रारम्भ गर्नेछ।

३८. खाद्य पदार्थ फिर्ता गर्नेः (१) कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधन गर्ने खाद्य व्यवसायीले आफूले उत्पादन वा प्रशोधन गरेको कुनै व्याच वा लटको खाद्य पदार्थ बिक्री वितरणको लागि बजारमा पठाएपछि त्यस्तो खाद्य पदार्थको उत्पादन वा प्रशोधनको क्रममा भएको त्रुटी, कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित नरहेको जानकारीमा आएमा त्यस्तो खाद्य पदार्थ सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बजारबाट फिर्ता माग गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधनको क्रममा भएको त्रुटी, कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित रहेको नदेखिएमा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीको प्रतिवेदनको आधारमा महानिर्देशकले त्यस्तो खाद्य पदार्थको उत्पादन गर्ने, प्रशोधन गर्ने वा नेपालमा पैठारी गर्ने खाद्य व्यवसायीलाई त्यस्तो खाद्य पदार्थ बजारबाट तत्काल फिर्ता गर्न आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम दिइएको आदेश उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फिर्ता माग गरिएको वा उपदफा (२) बमोजिम फिर्ता गर्न आदेश दिईएको खाद्य पदार्थको कसैले पनि बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

(५) उपदफा (१) वा (२) बमोजिम खाद्य पदार्थ फिर्ता गर्दा लाग्ने खर्च त्यस्तो खाद्य पदार्थको उत्पादन, प्रशोधन वा नेपालमा पैठारी गर्ने खाद्य व्यवसायीले व्यहोर्नु पर्नेछ।

३९. खाद्य विश्लेषक तोक्ने : (१) मन्त्रालयले खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्नको लागि तोकिएको योग्यता पुगेको व्यक्तिलाई खाद्य विश्लेषक तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको खाद्य विश्लेषकले खाद्य पदार्थको नमूना खाद्य प्रयोगशालामा परीक्षण गरी वा गराई त्यसको विश्लेषण प्रतिवेदन सम्बन्धित अधिकारी वा कार्यालयलाई दिनु पर्नेछ ।

(३) खाद्य विश्लेषकको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ८

## कसूर र सजाय

४०. कसूर गरेको मानिने : कसैले देहाय बमोजिमको कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) दफा ९ बमोजिम अनुमतिपत्र नलिई खाद्य व्यवसाय सञ्चालन गरेमा,

(ख) दफा १० बमोजिम पैठारी गर्नु अघि स्वीकृति वा प्रवेश अनुमति नलिई खाद्य पदार्थ पैठारी गरेमा,

(ग) दफा १२ विपरीत दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(घ) दफा १३ विपरीत न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(ङ) दफा १४ विपरीत ढाँटी वा झुक्याई खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(च) दफा १५ विपरीत खाद्य पदार्थमा खाद्य योगशील वा खाद्य प्रशोधन सहयोगी पदार्थ प्रयोग गरेमा,

(छ) दफा १६ बमोजिम लेवल नलगाई वा सो दफा विपरीत खाद्य पदार्थको लेवलिङ्ग गरी बिक्री वितरण गरेमा,

(ज) दफा १७, १८, १९, २०, २१ वा २२ बिपरीत क्रमशः उत्पादक तथा प्रशोधनकर्ता, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवा प्रदायकले पूरा गर्नु पर्ने कुनै दायित्व पूरा नगरेमा वा दायित्वको उल्लंघन हुने काम गरेमा,

(झ) दफा ३३ बमोजिम बिक्री वितरणबाट हटाइएको वा रोक लगाएको खाद्य पदार्थ फुकुवा नगर्दै त्यस्तो खाद्य पदार्थ बिक्री वितरण गरेमा,

(ञ) दफा ३५ बमोजिम दिइएको आदेश पालना नगरेमा,

(ट) दफा ३८ को उपदफा (४) विपरीत फिर्ता माग गरेको वा फिर्ता गर्ने आदेश भएको खाद्य पदार्थ बिक्री वितरण गरेमा,

(ठ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै कार्य गरेमा ।

४१. <u>तत्काल जरिवाना गर्न सक्नेः</u> (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना संकलनको काममा बाधा वा अवरोध पुर्‍याउने व्यक्तिलाई त्यस्तो अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना संकलन गर्ने अधिकारीले तत्काल बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्ने अधिकारीले यस दफा बमोजिम तत्काल जरिवाना गर्नु पर्ने कारण र जरिवाना गरेको रकम लगायतका सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र विभागलाई जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तत्काल जरिवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने, नबुझाउने व्यक्ति विरुद्ध त्यसरी जरिवाना गर्ने अधिकारीले देहायको कार्य गर्न सक्नेछः-

(क) जरिवानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी राख्न,

(ख) जरिवानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थको उत्पादक, प्रशोधनकर्ता, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवा प्रदायकले उत्पादन, प्रशोधन, ढुवानी, सञ्चय, बिक्री वितरण गर्ने अन्य वस्तु समेत रोक्का राख्न।

(४) यस दफा बमोजिम गरेको जरिवानाको निर्णय उपर चित्त नबुझेमा महानिर्देशक समक्ष सात दिनभित्र पुनरावलोकनको लागि निवेदन दिन सकिनेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन उपर महानिर्देशकले आवश्यक जाँचबुझ गरी एक्काईस दिनभित्र सो सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ।

(६) पुनरावलोकनको लागि निवेदन दिंदा जरिवाना गर्ने अधिकारीले गरेको जरिवानाको पचास प्रतिशत नगदै धरौटी दाखिला गर्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिमको निवेदन उपर महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(८) तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

४२. सजाय : (१) कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ४० को खण्ड (क), (ख), (ज), (झ), (ञ) वा (ट) बमोजिमको कसूरमा दश हजार रुपैंयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा ४० को खण्ड (ग) बमोजिमको कसूरमा एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ४० को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसूरमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयाँ देखि तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(घ) दफा ४० को खण्ड (छ) बमोजिमको कसूरमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय,

(ङ) दफा ४० को खण्ड (ठ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँसम्म जरिवाना।

(२) यस ऐन बमोजिमको कसूर गर्न सघाउने वा मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) यस ऐन बमोजिम कसूरमा सजाय पाएको व्यक्तिले पुनः यस ऐन बमोजिमको कसूर गरेमा निजलाई यस ऐन बमोजिम हुने सजायको दोब्बर सजाय हुनेछ।

४३. सङ्गठित संस्थाको आपराधिक दायित्व हुनेः कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यो ऐन अन्तर्गत कसूर मानिने काम गरेकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरु र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ ।

४४. क्षतिपूर्ति भराइदिने : कसैले यो ऐन बमोजिमको कसूर गरी कसैलाई हानी नोक्सानी पुर्‍याएमा त्यस्तो कसूरबाट पीडितलाई पुग्न गएको वास्तविक हानि, नोक्सानी बापत मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिनेछ।

४५. उजुरी दिन सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही भएको कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद प्रमाण सहित विभाग वा कार्यालय समक्ष लिखित, मौखिक वा विद्युतीय माध्यम मार्फत उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

(३) उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. <u>मुद्दाको अनुसन्धान र दायरी</u> : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान सम्बन्धित खाद्य निरीक्षण अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सजाय हुने कुनै कसूरबाट व्यापक असर पर्न सक्ने वा प्राविधिक परीक्षण वा प्राविधिक जटिलताको कारण विशेषज्ञ समेत सलग्न गराई अनुसन्धान गराउनु पर्ने देखिएमा मन्त्रालयले सम्बन्धित विषयका विशेषज्ञ समेत संलग्न गरी बढीमा पाँच जना सदस्य रहेको अनुसन्धान टोली गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम मुद्दाको अनुसन्धान गर्ने खाद्य निरीक्षण अधिकारी वा अनुसन्धान टोलीले यो ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको अनुसन्धान टोलीले यस ऐन बमोजिम मुद्दाको अनुसन्धान पूरा गरेपछि अनुसन्धान प्रतिवेदन सम्बन्धित खाद्य निरीक्षण अधिकारीलाई दिने छ ।

(५) खाद्य निरीक्षण अधिकारीले उपदफा (१) बमोजिम अनुसन्धान तथा तहकिकातको काम पूरा भएपछि वा उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकिलबाट मुद्दा चल्ने निर्णय भएमा खाद्य निरीक्षण अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

४७. <u>मुद्दा हेर्ने अधिकारी</u>: यस ऐन बमोजिम सजाय हुने देहायको मुद्दा हेर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दफा ४२ को खण्ड (क), (घ) र (ङ) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई,

(ख) दफा ४२ को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई।

## परिच्छेद-९

## <u>विविध</u>

४८. <u>उपसमिति गठन गर्न सक्ने</u>: (१) खाद्य पदार्थको स्वच्छता, गुण, स्तर, मात्रा, मापदण्ड निर्धारण गर्न, खाद्य जोखिम विश्लेषण गर्न, आवश्यक वैज्ञानिक आधार, सूचना एवं तथ्याङ्क उपलब्ध गराउने कार्यसमेतका लागि मन्त्रालयले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४९. <u>अधिकार प्रत्यायोजन</u> : विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मातहतको कुनै अधिकृत कर्मचारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा ४१ को उपदफा (५) बमोजिमको अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

५०. <u>नेपाल सरकार बादी हुने</u> : यस ऐन अन्तर्गत कसूर हुने मुद्दा नेपाल सरकार बादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा समावेश भएको मानिनेछ।

५१. <u>संक्षिप्त कार्यविधि अपनाउने</u> : यस ऐन अन्तर्गत दायर भएको दफा ४२ को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने मुद्दा बाहेकका अन्य मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

५२. <u>सहयोग गर्नु पर्ने</u> : खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्ने सम्बन्धमा खटिने कर्मचारी तथा खाद्य निरीक्षण अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउनु सरकारी निकाय, स्थानीय तह तथा सम्वन्धित सबैको कर्तव्य हुनेछ ।

५३. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:</u> यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

५४. <u>नियम बनाउने अधिकार</u> : नेपाल सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ।

५५. <u>निर्देशिका बनाउन सक्ने</u> : मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

५६. <u>खारेजी र बचाउ</u> : (१) खाद्य ऐन, २०२३ खारेज गरिएको छ ।

(२) खाद्य ऐन, २०२३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) खाद्य ऐन, २०२३ बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष दायर भई कारबाहीका क्रममा रहेका वा निर्णय हुन बाँकी रहेका मुद्दा तथा तत्सम्बन्धी निवेदन यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिमको मुद्दा हेर्ने अधिकारी समक्ष सर्नेछन् ।